# प्रेस विज्ञप्ति- २६०

# Press Release-260

लागू औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ ।

मिति: २०७६।०३।२२ गते ।

## नियन्त्रित मनोद्विपक लागू औषध सहित २ जना मानिस पक्राउ ।

मिति २०७६।०३।२० गते लागू औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाको आधारमा जिल्ला रामेछाप दोरम्बा गाँउपालिक वडा नं. ७ ठेगाना भएका वर्ष २५ को सुरेन नगरकोटी र निजको श्रीमती जिल्ला धादिङ, थाक्रे गाउँपालिका वडा नं. १० ठेगाना भएको वर्ष २१ कि अजिता गुरुङले जिल्ला ललितपुर , ललितपुर उ.म.न.पा. वडा नं. ११ मा संचालन गर्दै आएको टेलरिङ पसल भित्रबाट **नियन्त्रित मनोद्विपक लागू औषध** डाईजेपाम १७८३ एम्पुल, बुप्रोनोर्फिन २१२१ एम्पुल र फेनारगन १२०१ एम्पुल गरी **जम्मा ५१०५ एम्पुल**, रकम रु १,५०,०००/- ( एक लाख पचास हजार ) र बिभिन्न ब्रान्डका मोबाईल सेट जम्मा ३६ थान, आईप्याड ३ थान, पावर बैंक १ सहित पक्राउ गरिएको छ ।

प्रारम्भिक अनुसन्धानबाट निज सुरेन नगरकोटी विगत लामो समय देखि लागू औषध एम्पुलको कारोबार गर्दै आईरहेको र बरामद भएका मोबाईल सेट, आईप्याड र पावर बैंक विभिन्न सेवनकर्ताहरुलाई उधारोमा लागू औषध एम्पुल दिई धरौटी स्वरुप राख्ने गरेको भन्ने खुल्न आएको ।

*निजहरु उपर आवश्यक अनुसन्धान कार्य भईरहेको ब्यहोरा जानकारीका लागि अनुरोध ।*

•••

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com


नियन्त्रित
मनोद्विपक
लागू औषध

